नेपाल सरकार
# राष्ट्रिय योजना आयोगको सचिवालय

फोन: ४२११९३३
फ्याक्स : ४२११७००
पोष्ट बक्स नं. १२८४

सिंहदरबार
काठमाडौं, नेपाल ।

प.सं:- ०६७/६८
च.नं.:-

## प्रेष विज्ञप्ती

०६९ जेठ ३१

राष्ट्रिय योजना आयोगका अध्यक्ष एवं **सम्माननीय प्रधानमन्त्रीज्यू**को अध्यक्षतामा उहांकै कार्यकक्षमा राष्ट्रिय योजना आयोगको वैठक सम्पन्न भयो । वैठकले रुग्ण उद्योग पुनःस्थापना उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०६८ अनुसार राष्ट्रिय योजना आयोगको सचिवालयको आर्थिक व्यवस्थापन महाशाखामा एक **रुग्ण उद्योग अनुगमन तथा मूल्याङ्कन इकाइ** गठन गरी कार्य अघि वढाउने निर्णय भयो । सोही वैठकमा राष्ट्रिय योजना आयोगको नयां भवन निर्माणको लागि तयार भएको ड्रइङ,डिजाइन र लागत अनुमान अनुसार निर्माण कार्य अगाडी वढाउने निर्णय समेत गर्‍यो । माननीय उप प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री नारायण काजी श्रेष्ठ समेतको उपस्थिति रहेको उक्त वैठकमा राष्ट्रिय योजना आयोगका सदस्यहरु, पदेन सदस्यहरुको साथै भवन निर्माण कार्यदलको संयोजक एवं शिक्षा सचिव, शहरी विकास सचिव र संघीय मामिला तथा स्थानीय विकास सचिवको समेत उपस्थिति थियो ।

(सागर आचार्य)

सहायक-प्रवक्ता